# पौरस्त्य अनुसन्धान दर्शनको रूपरेखा

हरेकृष्ण ज्ञवाली
उपप्राध्यापक : नेपाली शिक्षा
देउखुरी बहुमुखी क्याम्पस, लमही, दाङ, नेपाल
hgyawali06@gmail.com

https://doi.org/10.3126/haimaprabha.v25i01.96678

***सारसङ्क्षेप***

*पूर्वीय दर्शनका वाङ्मयमा अनुसन्धानका प्रमाण र पद्धितका विषयमा विस्तृत चर्चा पाइन्छ । यिनमा ज्ञानको खोजी र ज्ञानसिद्धि प्रक्रियाको अध्ययन र छलफलसँगै अनुसन्धानका अन्य प्रायोगिक पक्षका बारेमा समेत अध्ययन गरिएको देखिन्छ । पौरस्त्य दर्शनअनुसार अनुसन्धान प्रमाता ,प्रमाण, प्रमेय र प्रमितिको विषयक्षेत्र हो । पूर्वका न्यायवैशेषिक र वेदान्त दर्शनमा यी चार पदार्थका बारेमा आफ्नै ढङ्गले चर्चा गरिनुका साथै ज्ञानको खोजी र ज्ञानसिद्धि कसरी गरिन्छ ? शोधका प्रक्रिया र पद्धतिबारे समेत स्पष्ट पारिएको छ । वैशेषिक दर्शनमा अनुसन्धेय विषयको तत्त्वमीमांसा सात पदार्थका (द्रव्य, गुण, कर्म, साधर्म्य , वैधर्म्य, समवाय र अभाव) दृष्टिले गर्नुपर्ने भनिएको छ भने न्यायदर्शनमा ज्ञानप्राप्ति जिज्ञासाबाट सुरु भई प्रमाण र तर्कपद्धतिले सिद्ध गरेपछि पूरा हुने मानिएको छ । ज्ञानसिद्धिका साधनहरू प्रमाण र पद्धतिलाई १६ पदार्थहरूमा स्पष्ट पारिएको छ । न्यायका १६ पदार्थहरू ज्ञाननिर्माणका प्रमाण र तर्कपद्धतिका अवयव देखिन्छन्। वेदान्त दर्शनमा अनुबन्ध चतुष्टय (अधिकारी, विषय, सम्बन्ध र प्रयोजन) र षड्विध लिङ्गमा क्रमशःशोधप्रस्ताव र सिद्धज्ञानको मूल्यमीमांसा गर्ने अवयव भेटिन्छन् । यसरी पूर्वीय दर्शनका वाङ्मयहरूमा अनुसन्धान दर्शनका अवयवबारे प्रकाश पारिएको भए तापनि यिनीरूलाई पूर्वीय अनुसन्धानको सैद्धान्तिक मान्यताका रूपमा एकमुष्ट अध्ययन विश्लेषण गरिएका सामग्री नदेखिएकाले यसमा त्यस प्राज्ञिक रिक्ततालाई पूरा गर्ने उद्देश्य राखिएको छ । उद्देश्य पूरा गर्न उक्त दर्शनका वाङ्मयहरूबाट तथ्यसामग्री सङ्कलन गरेर निष्कर्ष निकालिएको छ । यसका लागि गुणात्मक अनुसन्धान ढाँचा र सुविधाजनक नमुना छनौटपद्धति अनुसरण गरी उक्त तीनवटा प्राथमिक स्रोत र केही द्वितीयक स्रोतबाट समेत आवश्यक सूचनाहरू सङ्कलन गरेर वर्णनात्मक तर्कपद्धतिले तथ्यप्रमाणहरूको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । तथ्यसामग्रीको अध्ययन, अनुशीलन र विश्लेषणका आधारमा पूर्वीय दर्शनका वाङ्मयहरूमा अनुसन्धान दर्शनका तत्त्वमीमांसा, ज्ञानमीमांसा मूल्यमीमांसाबारे स्पष्ट र व्यवस्थित रूपरेखा कोरिएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** ज्ञानमीमांसा, तत्त्वमीमांसा, प्रस्तावमीमांसा, मूल्यमीमांसा, षड्विध लिङ्ग ।

## विषय परिचय

नयाँ तथ्यले ज्ञानविस्तार गर्ने प्रक्रियालाई शोध भनिन्छ । प्रामाणसिद्ध ज्ञाननिर्माण हुने भएकाले शोधलाई ज्ञानविस्तार गर्ने वैज्ञानिक र व्यवस्थित प्रकिया मानिन्छ । खासमा शोधले पुराना, आप्त, लुप्त र अल्पविदित सबै प्रकारका ज्ञानलाई विस्तार गर्दछ । पूर्वमा शोधको थालनी वेदादि ग्रन्थबाटै भएको प्रमाण भेटिन्छ । यस कुराको सुइँको ऋग्वेदको नासदीय सूक्तमा फेलापर्छ । कःआदि प्रश्न गरेर यस भौतिक सृष्टिबारे अनुत्तरित जिज्ञासाले जान्न खोजिएकाले अनुसन्धानको

पहिलो र मौलिक पद्धतिको थालनी यसैबाट भएको मान्न सकिन्छ (कार्की, २०८१, पृ. ६१) । ऋग्वेदको नासदीय सूक्तमा उल्लेख भएका "को अद्वा वेद, क इह अवोचत्, कुत अजाता, कुत इह विसृष्टि " अर्थात् सृष्टिका विषयमा कस्ले जानेको छ ? यसका बारेमा कस्ले भन्न सक्छ ? (पूर्ववत्) आदिले शोधसमस्या प्रस्तुत गरेको देखिन्छ । वास्तवमै सृष्टिबारे अनुसन्धान गर्न यी शोधप्रश्नहरू गरिएको बुझिन्छ । यही पद्धति "कस्मिन्नु जगतो विज्ञाते सर्वमिदं विज्ञातं भवतीति" अर्थात् कसलाई जानेपछि सबै कुरा जानिन्छ र जान्न केही बाँकी रहँदैन (पूर्ववत्) उपनिषद्हरूमा समेत विस्तार हुँदै जाँदा वैदिक ज्ञानले नै पुन:परीक्षण प्राप्त गरेर नयाँ दार्शनिक ज्ञानको रूप लिएको पाइन्छ । यसरी वेद र उपनिषद्मा यी प्रश्नहरू केही पनि थाहा नभएको शून्य अवस्थामा गरिएको देखिन्छ (पूर्ववत्) भने वेद र उपनिषद्का ग्रन्थहरू शोधखोजकै परिणामस्वरूप जन्मिएको रहस्य खुल्न आउँछ । यस किसिमको शोधपरम्पराको विस्तार दर्शनग्रन्थहरूमा अझ बढी स्पष्ट भएको पाइन्छ । त्यसैले उपनिषद्पछिका सबै दर्शनहरू अथातो ब्रह्मजिज्ञासा, अथातो धर्मजिज्ञासा आदिबाट सुरु भएका देखिन्छन् । यिनमा नयाँ ढङ्गले अस्तित्वका चिह्नहरू खोज्ने र व्याख्या गर्ने प्रयास गरेको भेटिन्छ । यसरी प्रश्नरूप जिज्ञासाबाट ज्ञाननिर्माण गर्ने कार्यको थालनी र ज्ञानव्यवस्थापनको प्रक्रिया वैदिक साहित्यसँगै सुरु भएको स्पष्ट हुन्छ ।

सामान्य अर्थमा दर्शनात् दर्शनम् भनिन्छ अर्थात् यो संसारका पदार्थ र मानवजीवन अवलोकन गरेर जुन ज्ञान प्राप्त हुन्छ त्यसलाई दर्शन भनिन्छ । जिज्ञासु अनुसन्धाताबाट जीवनजगतलाई प्रत्यक्ष अवलोकन गरेर प्रतिपादन गरिंएको ज्ञानशास्त्र नै दर्शन हो । पछि पारलौकिक ज्ञानलाई बढी प्राथमिकता दिन थालेकाले पूर्वीय दर्शन अध्यात्म विद्या बनेका हुन् । खासमा दर्शनशास्त्र वाङ्मयी जगतमा विज्ञानको पूर्वरूप हो । दर्शनको यो भूमिका र अस्तित्व यथावत् नै छ । आज पनि जुनसुकै विषयको सैद्धान्तिक ज्ञान,मान्यता र प्रथम दृष्टिलाई त्यस विषयको दर्शन नै भनिन्छ । यही अर्थमा आजभोलि दर्शन शब्द जीवनदर्शन, राजनीतिदर्शन, साहित्यदर्शन, शिक्षादर्शन, आर्थिकदर्शन अनुसन्धानदर्शनका रूपमा विषयको तात्विक जानकारीका लागि प्रयोग भइरहेको पाइन्छ । विज्ञानले समेत आफ्नो मूल सिद्धान्त, दृष्टिकोण वा परिप्रेक्ष्यलाई दर्शन भनेर चिनाउँछ । यसबाट विज्ञान र दर्शन एउटै सिक्काका दुई पाटा हुन्, फरक होइनन् भन्ने बुझिन्छ । खासमा जुनसुकै विषयको सैद्धान्तिक ज्ञान, मान्यता, दृष्टि, परिप्रेक्ष्य र उपागम तथा पद्धतिको ज्ञान दर्शन हो भने त्यसको परीक्षण, प्रयोग, अभ्यासका प्रणालीहरू विज्ञान हो । गीता (२०२३) दर्शनले यो मर्मलाई उहिल्यै राम्रोसँग बुझेर विज्ञानलाई व्यावहारिक ज्ञान भनेको पाइन्छ । यसरी कुनै पनि विषयको व्यावहारिक ज्ञान विज्ञान हो र त्यसको सैद्धान्तिक मान्यता दर्शन हो भन्ने स्पष्ट हुन्छ ।

पौरस्त्य शास्त्रभण्डारमा वैशेषिक, न्याय, साङ्ख्य, योग ,पूर्वमीमांसा र उत्तरमीमांसा नामका मुख्य ६ वटा दर्शनशास्त्र छन् । यिनमध्ये न्यायवैशेषिक र मीमांसा दर्शनले स्वक्षेत्रका विषय तथा पदार्थहरूको व्याख्या विश्लेषण गर्दा तथ्यप्रमाण र तर्कपद्धतिका आधारमा गरेका छन् । न्याय र वैशेषिक दर्शनले तथ्यप्रमाण र तर्कपद्धतिकै बारेमा समेत प्रशस्त खोजबिन गरेका छन् । बाँकी साङ्ख्य, योग र वेदान्तले मानवजीवन तथा चेतन पदार्थलाई प्राथमिकतामा राखेर विषय विवेचना गरेको देखिन्छ । वास्तवमा तत्त्वचिन्तन अर्थात् ज्ञानको खोजी, विस्तार र ज्ञाननिर्माणका पद्धतिहरूको प्रतिपादनमा पूर्वीय न्यायवैशेषिक दर्शनको अहम् भूमिका रहेको छ । न्यायवैशेषिक दर्शनले ज्ञानार्जन र ज्ञानसिद्धिका प्रमाण एवम् पद्धतिहरूको विहङ्गम प्रणाली नै स्थापना गरेको देखिन्छ । वैशेषिक दर्शनलाई पदार्थदर्शन पनि भनिएको छ । यसले संसारका जुनसुकै पदार्थ वा विद्यास्थानका विषयहरूका मूल तत्त्वहरूलाई सात पदार्थका साधनले व्याख्या विश्लेषण गर्दछ । वास्तवमा यस दर्शनले अनुसन्धेय विषयलाई द्रव्य, (सारवस्तु), गुण, (विशेषता, परिमाण) कर्म (गति, घटना), साधर्म्य, (जाति) वैधर्म्य,

(भिन्नता) समवाय (सम्बन्ध) र अभाव (सम्बन्ध र तत्त्वविनाशको स्थिति ) गरी सात पदार्थमा छुट्याएर व्याख्या विश्लेषण गर्नुपर्ने परिपाटी बसालेको छ । यसले विशेष पदार्थलाई महत्व दिएको वा खोजी गरेको कारणले यसको नाम नै वैशेषिक भएको मानिन्छ। यसको विशेष पदार्थ परमाणुको प्रतीक छ । विज्ञानले जसरी परमाणुलाई निरवयव वस्तु भन्नुभन्दा विशेष पदार्थ भन्नु हजारगुणा सही छ। यसले अस्तित्वका जुनसुकै विषयवस्तुको चर्चा गर्दा सूक्ष्म रूपमा नियाल्दै परमाणु ( विशेष पदार्थ ) सम्म पुगेर विषय विवेचना गर्नुपर्ने आवश्यकता देखाउँछ । यसका अनुसार निशेष अर्थात् निरवयवी पदार्थ नै विशेष पदार्थ हो । यसरी विज्ञानले भन्दा धेरै पहिले परमाणु पदार्थको खोजी गरेर व्याख्या गर्ने काम वैशेषिक दर्शनले गरेको देखिन्छ । वैशेषिकको यो काम प्रमाण र तर्कपद्धतिका आधारमा मात्र सिद्ध र पूर्ण हुन सक्छ भन्दै न्यायदर्शन देखापर्छ । वैशेषिक दर्शनका विपरीत न्यायदर्शनमा ज्ञानप्राप्तिका प्रमाण र तर्कपद्धतिका बारेमा गहन र व्यवस्थित अध्ययन भेटिन्छ । एवम् रीतले मीमांसा दर्शन वेदवाङ्मयलाई स्वतः प्रमाण मान्दै सूक्तका अर्थ र तात्पर्यका व्याख्यामा केन्द्रित रहेको देखिन्छ । यसरी वेदार्थहरूको खोजी गर्दै तिनका मूल्यपक्षको मीमांसा गरेकाले यिनको नाम क्रमशः पूर्वमीमांसा (कर्म पक्षको चर्चा) र उत्तर मीमांसा (ज्ञान पक्षको चर्चा) रहन गएको भनिन्छ । उत्तरमीमांसा भनिने वेदान्तले वेदका ज्ञानभागको मूल्य र प्रयोजन कसरी साधन गर्नुपर्छ ? भनेर देखाउँछ जुन अनुसन्धानका मूल्यपक्षसँग जोडिएका विषय हुन् । यसरी वैशेषिक, न्याय र वेदान्त दर्शनका उल्लिखित मान्यता र प्रणालीहरूलाई एक ठाउँमा प्रतिपादन गर्दा पौरस्त्य अनुसन्धान दर्शनको पूर्णरूप दिग्दर्शन हुने देखिन्छ ।

पूर्वीय शोधदर्शनबारे नेपाली भाषाका अध्येताहरू वासुदेव त्रिपाठी (२०६०), जनकलाल शर्मा (२०७०), जयराज आचार्य (२०७१), दयाराम श्रेष्ठ (२०७९) ,नारायणप्रसाद गड्तौला (२०८१), मृगेन्द्रबहादुर कार्की (२०८१) र प्रेमप्रसाद चौलागाई (२०८१) आदिले प्रासङ्गिक रूपमा चर्चा गरेको पाइन्छ। यस्ता अध्ययन र टिप्पणीका सामग्रीहरू एकाङ्गीसमेत देखिन्छन् । यसक्रममा जनकलाल शर्मा, नारायण गड्तौला र मृगेन्द्रबहादुर कार्कीको जर्नल लेखमा न्यायवैशेषिकसम्बन्धी अध्ययनले विषयलाई आआफ्नै तरिकाले प्रकाश पारेका छन् तापनि यिनमा पूर्वीय शोधदर्शनको समग्र अध्ययन देखिँदैन। हालसम्म पनि यस्तो गौरवपूर्ण उपलब्धिलाई विस्तार गरी उपादेय बनाउने काम नभएकाले यसमा त्यस प्राज्ञिक रिक्ततालाई समस्या स्वीकार गरी पूर्वीय दर्शनवाङ्मयका आधारमा पौरस्त्य अनुसन्धान दर्शनका तत्त्वहरू खोजी गर्ने उद्देश्य राखिएको छ। यसरी दर्शनशास्त्रभित्रका ज्ञाननिर्माण प्रक्रिया र ज्ञान व्यवस्थापन पद्धतिका रूपमा रहेका तथ्यसामग्रीलाई अनुसन्धानको सैद्धान्तिक मान्यताका दृष्टिले अध्ययन गरी पूर्वीय अनुसन्धान दर्शनलाई परिचय गराउने यस अध्ययनको आवश्यकता स्वतः पुष्टि हुन्छ ।

## अनुसन्धान विधि

**अनुसन्धान ढाँचा**: पूर्वीय दर्शनका वाङ्मयहरूको अनुशीलनबाट अनुसन्धान दर्शनका आधारभूत पक्षहरूको विवेचना गर्ने उद्देश्य रहेको यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा अनुसरण गरिएको छ भने उद्देश्यअनुसार सङ्कलित तथ्यलाई वर्णनात्मक पद्धतिले समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुग्ने काम भएको छ ।

**नमुना छनौट**: यस अध्ययनमा नमुना छनौटका विभिन्न विधिमध्ये सुविधाजनक र सोद्देश्यमूलक नमुना छनौट विधिका आधारमा सम्बद्ध दर्शनशास्त्रका ग्रन्थहरूबाट अवश्यक तथ्यसूचना सङ्कलन गरिएको छ ।

**तथ्य सङ्कलनः** न्यायवैशेषिक र वेदान्त दर्शनका सूत्रभाष्य ग्रन्थहरूलाई प्राथमिक स्रोत बनाई पुस्तकालय अध्ययन विधिबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । यसक्रममा न्यायवैशेषिक र वेदान्त दर्शनका मूलकृतिका सूत्रवृत्ति र भाष्यभागको समेत अध्ययन गरेर मूल आशय ठम्याउने कोसिस गरिएको छ भने सहयोगको लागि पूरक सामग्रीका रूपमा द्वितीयक स्रोतका अन्य कृति, जर्नल र पत्रपत्रिकाका सामग्रीहरूबाट पनि सूचना सङ्कलन गरिएको छ ।

**तथ्य विश्लेषण प्रक्रियाः** यस अध्ययनमा तथ्य विश्लेषणको सैद्धान्तिक आधार न्यायवैशेषिक र वेदान्त दर्शनका सम्बद्ध विचारपक्षलाई बनाइएको छ । उद्देश्य र आवश्यकताअनुसार सम्बद्ध प्रावधान र विषयलाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ भने यस्ता सम्बद्ध दस्तावेजको सूक्ष्म अध्ययन गरी तथ्यप्रमाणका आधारमा समीक्षात्मक विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । तथ्य विश्लेषणबाट सत्यापन र निष्कर्षणमा पुग्ने काम भएकाले मूलतः यसमा आगमन तर्कपद्धतिबाट निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

यस अध्ययनमा विषय विश्लेषणको मूल आधार न्यायवैषेशिक र वेदान्त दर्शनका तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका मुख्य मान्यताहरूलाई बनाइएको छ । पूर्वीय दर्शनका वाङ्मयहरूमा ज्ञानको खोजी, निर्माण र व्यस्थापनबारे गहन चिन्तनमनन भएको पाइन्छ। खास गरी न्यायवैशेषिक र मीमांसा दर्शनहरूमा प्रमाण, प्रमेय, प्रमिति र आफ्नो मतसिद्धिका लागि गरिने खण्डनमण्डनका तर्कपद्धतिका बारेमा विशद चर्चाहरू भेटिन्छन्। मीमांसाका दुवै थरी दर्शनमा वेद वाङ्मयका तथ्यसामग्रीका तात्पर्य व्याख्याका निम्ति अनेक साधनयुक्तिबारे विचारविमर्श गरिएको छ । मूल विषय र उद्देश्य फरक भए तापनि पूर्वीय दर्शनका वाङ्मयहरूमा अनुसन्धानका सैद्धान्तिक मान्यताका प्राय सबै पक्षहरू भेटिन्छन् जसलाई संयोजन गरी एक ठाउँमा ल्याएर चर्चा गर्दा पूर्वीय अनुसन्धान दर्शनको सिङ्गो रूप नै प्रतिपादन हुने देखिन्छ । यस्ता सामग्रीहरूको खोजी र अध्ययन गर्ने उद्देश्य राखिएको यस अध्ययनमा पनि सङ्कलित सामग्रीहरूको व्याख्या विश्लेषण गर्न न्यायवैशेषिक र वेदान्त दर्शनका सम्बद्ध सूत्रवृत्तिका अर्थ र तात्पर्यहरूलाई नै मूल आधार बनाइएको छ भने विषयको स्पष्टताका लागि दयाराम श्रेष्ठको साहित्यको अनुसन्धान व्यवस्थापन (२०७९), किरण वैद्यको हिमाली दर्शन (२०७४) र नारायणप्रसाद गड्तौलाको पूर्वीय शोधदर्शन विधि र प्रयोग (२०८१) शोध शीर्षकका अध्ययन सामग्रीभित्रका पूर्वीय अनुसन्धानसम्बद्ध सैद्धान्तिक चर्चाबाट सहयोग लिइएको छ ।

## छलफल र विश्लेषण

पूर्वमा दर्शन शब्द दुई सन्दर्भमा प्रयोग हुँदै आएको छ । पहिलो, प्राचीन ज्ञान वाङ्मयका अर्थमा र दोस्रो, जुनकुनै विषयको सैद्धान्तिक मान्यता जनाउन प्रयोग भएको देखिन्छ। यी दुवै प्रकारका अर्थबोधका लागि यसको शाब्दिक अर्थ नै पर्याप्त छ । दृशिर् प्रेक्षणे (हेर्नु वा अवलोकन गर्नु) अर्थको धातुबाट दृष्टि र दर्शन शब्द निर्माण हुन्छन् जसको अर्थ क्रमशः दृष्टिकोण र प्रत्यक्षज्ञान भन्ने हुन्छ । करणार्थक दर्शन शब्द प्राय ज्ञानदृष्टि जनाउन प्रयोग हुन्छ । यसकारण दर्शन शब्दको निष्पत्ति दृश्यते अर्थात् ज्ञायते वस्तुतत्त्व (वास्तविकता) अनेन (करण र अधिकरणार्थक पनि ) इति दर्शनम् अर्थात् जसबाट वास्तविकताको ज्ञान हुन्छ भन्ने हुन्छ । यसरी वास्तविकता जनाउने साधन अर्थमा दर्शन शब्द निर्माण भएको देखिन्छ । व्युत्पत्तिअनुसार दर्शन शब्दको अर्थ जसबाट वा जसमा ज्ञान, बोध , दृष्टि, विचार र चिन्तनमनन गरिन्छ त्यो शास्त्र वा ज्ञानको

शाखा भन्ने देखिन्छ । यो खालि ज्ञानको पर्याय मात्र होइन जुन मार्ग वा पद्धति अनुसरण गरेर ज्ञान प्राप्त गरिन्छ त्यो पद्धति र उपागम पनि हो । यसरी पूर्वमा प्रत्यक्ष अवलोकन र अनुभवजन्य अनुमान विद्याबाट प्राप्त हुने ज्ञान वा दृष्टिकोण भन्ने अर्थमा दर्शन शब्दको व्याख्या भएको पाइन्छ भने पाश्चात्य जगत्मा चाहिँ ज्ञानप्रतिको मोहलाई नै दर्शन मानेको देखिन्छ ।

**पौरस्त्य अनुसन्धान दर्शनका मुख्य पक्ष**

पौरस्त्य शब्द यहाँ संस्कृत वाङ्मय जनाउन प्रयोग गरिएको छ । यद्यपि संस्कृत वाङ्मयमा अनुसन्धान विद्या नामको कुनै शास्त्र जन्मिएन तथापि अनुसन्धानका प्रमाण र पद्धतिका विषयमा स्पष्ट धारणा फेला पार्न सकिन्छ जसलाई अनुसन्धानका वैज्ञानिक र व्यवस्थित मापदण्ड मान्न सकिन्छ । फलस्वरूप पूर्वमा जति पनि विशिष्ट ग्रन्थहरू प्रतिपादन भएका छन् ती सबैमा नयाँ नयाँ शोधढाँचा देख्न सकिन्छ । यी सबैलाई अनुशीलन र सामान्यीकरण गरेर शोधविषयको सैद्धान्तिक रूपरेखा बनाउन सकिन्छ । यहाँ शोधको प्रायोगिक व्यवहार ज्यादै उन्नत देखिन्छ । पौरस्त्य ( संस्कृत ) अनुसन्धान दर्शनका मुख्य चार पक्ष देखिन्छन्-

| | | |
|---|---|---|
| क) | तत्त्वमीमांसा | (शोधका प्रमेय र साध्यतत्त्वहरूको चर्चा) |
| ख) | ज्ञानमीमांसा | ( शोधका प्रमाण र पद्धतिहरूको चर्चा) |
| ग) | मूल्यमीमांसा | (शोधको उपपादेयता र नैतिक मूल्यहरूको चर्चा) |
| घ) | प्रस्तावनामीमांसा | (शोधको जिज्ञासा, विषय, सम्बन्ध, प्रयोजन र अधिकारी चर्चा) |

**तत्त्वमीमांसा**

अनुसन्धान तत्त्वज्ञानको खोजी हो । संसारमा जसको सत्ता छ, त्यसैको खोजी हुन सक्छ । जीवनजगतबारे जहाँ संशय हुन्छ जुनसुकै विषयमा अनुसन्धान गर्न सकिन्छ । यसैले भौतिक सत्ता तथा पदार्थहरूका बारेमा गरिने खोजी, व्याख्या विश्लेषण नै तत्त्वमीमांसा हो । प्रमेय पदार्थहरूको विश्लेषण कसरी गर्नुपर्छ ? पूर्वीय वैशेषिक दर्शनले कोरिदिएको रूपरेखा अहिलेसम्मका विकल्पमध्ये उत्तम मार्गचित्र देखिन्छ । यसले कुनै पनि भौतिक सत्ताका सारतत्त्व सात वटा मूल पदार्थका रूपमा रहेका हुन्छन् भन्ने स्विकार्दछ । त्यसमध्ये प्रमेय तत्त्वका रूपमा द्रव्यपदार्थ रहेको मान्दछ । तत्त्वहरूको चिरफार पदार्थका परमाणुसम्म अर्थात् विशेष (निशेष) पदार्थसम्म पुगेर गर्न सकिने कुराको घोषणा पनि सर्वप्रथम यही दर्शनले गरेको छ । पहिलोपल्ट अणु वा परमाणुको कुरा उठाएकाले यस दर्शनलाई अणुवाद र विशेष तत्त्वको खोजी गरेकाले यसको नाम वैशेषिक दर्शन रहन गएको भन्ने मत यहीनिर युक्तिसङ्गत देखिन्छ । यिनै कारणले यसलाई पदार्थदर्शन पनि भनिन्छ । यसले हरेक भौतिक सत्ताको विश्लेषण देहायका सात पदार्थका आधारमा गर्नुपर्ने रूपरेखा कोरिदिएको छ , ती सात पदार्थ यस प्रकार छन्

| | |
|---|---|
| द्रव्य पदार्थ : | सारतत्त्वहरू, प्रमेयहरू वा आस्पदहरू (पदार्थका सारभूत तत्त्वहरू) |
| सामान्य पदार्थ : | साधर्म्य, समानता वा सामान्यीकरण (द्रव्यको जातित्व, साधर्म्य र साझाविशेषता) |
| विशेष पदार्थ : | भिन्नता, विशेषपन वा पृथकत्व (द्रव्यका विभेदकता, वर्गीकरण र प्रकार) |
| गुण पदार्थ : | सङ्ख्या, विशेषता र परिमाण (द्रव्यका सङ्ख्या, लिङ्ग, परिमाण गुणहरू) |
| समवाय पदार्थ : | सम्बन्ध, सहचार्य (द्रव्यका सम्बन्ध र सहसम्बन्ध एवम् प्रभावहरू) |

| | |
|---|---|
| कर्म पदार्थ : | क्रिया वा घटना (द्रव्यको क्रिया, कार्यावस्था र घटना) |
| अभाव पदार्थ : | सत्ताको विनाश वा शून्यता (अदृश्य सत्ताको अस्तित्व, विनाश र शून्यता) |

कुनै पनि भौतिक विषय तथा पदार्थसम्बन्धी अध्ययनको इतिवृत्त र सम्बन्ध यत्ति हो । वश, यसमा विस्तार होला तर सारसूत्र भने यत्ति नै हो । यसमा छ वटा भाव पदार्थ र एक वटा अभाव पदार्थको अस्तित्व मानिएको छ । अभावलाई एउटा पदार्थ नमानी भाव पदार्थ सिद्ध हुन सक्दैन । त्यसैले आजको विज्ञानले पनि शून्य सत्ता स्विकारेको छ । त्यसकारण कुनै विषय वा पदार्थको अध्ययन गर्ने अनुसन्धाताले माथिका सात पदार्थहरूको आधारमा विषयका सारसत्व र सम्बन्धका विविध पक्षहरूमा खोजीनीति गरेर निष्कर्ष दिनुपर्छ। यहाँ के कुरा विचारणीय छ भने यी साधनले लामो समयसम्म अध्यात्म र धर्मविषयको मात्र अध्ययन भैरहेकाले कतिपयमा के भ्रम पर्न गएको छ भने वैशेषिक दर्शनको काम अध्यात्म र धर्मतत्त्वको व्याख्या, विश्लेषण गर्नु मात्र हो । तर त्यसो होइन यो त पूर्वको भौतिक संसारका पदार्थ र मानवजीवनलाई हेर्ने पहिलो दृष्टिकोण वा पदार्थदर्शन हो । तत्त्व अध्ययनको वैज्ञानिक पद्धित हो । यस कुराको प्रमाण यसैसँग मिल्दोजुल्दो मूलतत्त्वसम्बन्धी वर्गीकरण आधुनिक विज्ञानजगत्मा पनि फेला पर्छ । पाश्चात्य भौतिकवादीहरूले मूलपदार्थ वा भौतिकतत्त्वलाई वस्तु, गुण, सम्बन्ध, कार्यावस्था र घटना गरी पाँच भागमा वर्गीकरण गरेको पाइन्छ (क्याम्पवेल, सन् २००६, चौलागाई २०८१ मा उद्धृत )। यहाँ अभाव र विशेष पदार्थको कमी देखिन्छ जुन अति आवश्यक भएकाले वैशेषिक दर्शनले उहिल्यै खोजेको थियो । यसबाट वैशेषिक दर्शन पूर्वमा परमाणु पदार्थ (विशेष) खोजी गर्ने पहिलो दर्शन थियो भन्ने प्रमाणित हुन्छ । यसबाट भौतिक विज्ञानमा जस्तै वैशेषिक दर्शनमा पनि पदार्थ अवलोकन र परीक्षणको एउटा बृहत उपागम छ भन्ने कुरा स्पष्ट भएको छ।

माथिको तालिकामा तत्त्वव्याख्या र ज्ञान व्यवस्थापनको व्यवस्थित रूपरेखा भेटिन्छ । ज्ञानप्राप्तिको लागि शोधमा तत्त्वमीमांसा गरिएएको हुन्छ । त्यसैले शोध्य पदार्थहरूको अध्ययन गर्दा सर्वप्रथम त्यसका सारतत्त्व अर्थात् त्यस अवयवीका सम्पूर्ण द्रव्य पदार्थहरूको खोजी गर्नुपर्ने विचार एकातिर गरिएको छ भने अर्कोतिर अणु हुँदै परमाणुसम्म पुगेर सम्पूर्ण सारतत्त्वहरूको खोजी गरी निष्कर्षमा पुग्न निर्देशन गरिएको छ । यसक्रममा साधर्म्य एवम् समानता र पृथकता वा विभेदकताका विशेषतासँगै गुणधर्म र समवाय सम्बन्धबारे चर्चा परिचर्चा गर्नुपर्ने जिकिर गरिएको छ । यस दर्शनमा पदार्थको अणुसम्म पुगेर परमाणुको खोजी गर्न मात्र निर्देशन गरिएको छैन अपितु पदार्थका साधर्म्य र वैधर्म्यका आधारमा वर्गीकरण गरेर समानता र विभेदकताका सम्पूर्ण पक्षहरूको विस्तृत चर्चा गर्नुपर्ने आधारसमेत प्रस्तुत गरिएको छ । वास्तवमा सबै अनुसन्धान सोद्देश्यमूलक हुन्छ छन् भने शोधले तथ्यका अधारमा ज्ञानविस्तार गर्ने लक्ष्य पूरा गर्नुपर्ने भएकाले अनुसन्धानमा ज्ञानको खोजी, सङ्ग्रह र व्यवस्थापन गर्दा जुनजुन पक्षमा रहेर खोजी गर्नुपर्ने हुन्छ ती सबै पक्षहरू यसमा समेटिएको हुँदा तत्त्वमीमांसाका विषय दिग्दर्शनका लागि प्रस्तुत रूपरेखा सर्वोत्तम मान्न सकिन्छ ।

**ज्ञानमीमांसा**

शोध क्षेत्रका तत्त्व परीक्षणका साधनरूप प्रमाण र विश्लेषण गर्ने तर्कपद्धतिहरूको चर्चा नै ज्ञानमीमांसा हो । यसमा आफ्नो पक्षको सिद्धि र पूर्वपक्षको पराजयका लागि उपयोग गरिने तथ्यप्रमाण र खण्डनमण्डनका तर्कपद्धतिहरू सबै पर्दछन् । ज्ञानसिद्धिका लागि उपयोग गरिने दसीप्रमाणहरू र विश्लेषण तथा संश्लेषणका सबै पद्धति र प्रक्रियाहरू अनुसन्धानका साधन हुन् । अर्काको विचारसहित आफ्नो विचार प्रतिपादन गर्न उपयोग गरिने प्रमाण र पद्धतिहरू नै ज्ञानमीमांसाका विषय हुन् । यसलाई ज्ञानमीमांसा किन भनिएको हो भने आफ्नो अभीष्ट सिद्धिका लागि अरूका विचार, मत, सिद्धान्त र दृष्टिकोण

साभार गर्दै खण्डनमण्डनका प्रक्रिया र पद्धति जान्नुपर्ने भएर हो अर्थात् पूर्वअध्ययनले निर्माण गरेका ज्ञानप्रक्रियाको बोध गर्नुपर्ने भएकाले हो । तसर्थ ज्ञानमीमांसामा तत्त्वसिद्धि गर्ने प्रमाण, पद्धति र प्रक्रियाहरूको विशेष चर्चा हुन्छ। सिद्धिप्रक्रियाबारे पूर्वीय न्यायदर्शनले कोरिदिएको मार्गचित्र उपयोगी नै देखिन्छ। तल पूर्वीय न्यायदर्शन अर्थात् तर्कशास्त्रले चर्चा गरेका प्रमाण र तर्कपद्धतिलाई बेग्लाबेग्लै चर्चा गरिएको छ ।

**न्यायदर्शनमा प्रमाण चर्चा**

प्रमाण यथार्थ ज्ञान गराउने मुख्य साधन हुन् । शोध विषयका ज्ञानसङ्ग्रहका लागि कारण बन्ने इन्द्रियादि सम्बद्ध साधनहरूलाई प्रमाण भनिन्छ । शोधका सन्दर्भमा जुन ज्ञानको खोजी वा विस्तार गर्ने लक्ष्य राखिएको हुन्छ त्यो ज्ञान गराउन सहयोग पुऱ्याउने साधनहरू नै प्रमाण हुन् । न्यायदर्शनका अनुसार यस्ता प्रमाण चार प्रकारका छन् : प्रत्यक्ष, अनुमान, उपमान र शब्द । गहिरिएर हेर्दा अवलोकन, अनुमान, उदाहरण र अध्ययनजस्ता तथ्यसङ्कलनका साधनहरू नै प्रमाण देखिन्छन् । हुन त पूर्वीय दर्शनहरूले प्रमाणको सङ्ख्या फरकफरक मानेका छन् तापनि चार वटा नै मुख्य देखिन्छन् । दर्शनशास्त्रमा प्रमाणहरूको सङ्ख्या एकदेखि आठ वटासम्म मानेको देखिन्छ; जस्तै

| | | |
|---|---|---|
| चार्वाक दर्शन | एक | प्रत्यक्ष प्रमाण |
| बौद्ध र वैशेषिक | दुई | प्रत्यक्ष र अनुमान |
| साङ्ख्य | तीन | प्रत्यक्ष, अनुमान र शब्द |
| न्याय | चार | माथिका तीन र उपमान |
| मीमांसा | छ | माथिका चार र अर्थापत्ति र अभाव |
| पौराणिक | आठ | माथिका छ र सम्भव र ऐतिह्य |

नामबाटै यी परस्परसम्बन्धित देखिन्छन् तापनि स्वशास्त्रीय भनेर थप गर्दै लगेको पाइन्छ । पछिल्ला चार वटालाई अघिल्लामा समावेश गर्न सकिने सम्भावना भएकाले यसमा पहिले नै चार प्रकारका भनिएको हो । तल यिनहरूको क्रमशः परिचय गराइएको छ ।

**प्रत्यक्ष प्रमाण :** विषय र इन्द्रियको सन्निकर्ष वा संसर्गबाट भ्रम तथा संसयरहित ज्ञानप्राप्त हुने भएकाले इन्द्रिय साधनहरूबाट प्रत्यक्ष अवलोकन गरेर प्राप्त भएका अनुभवलाई प्रत्यक्ष प्रमाण मानिन्छ । सारमा भन्दा इन्द्रियहरू नै प्रत्यक्ष प्रमाण हुन् । तर बुझिने भाषामा भन्दा इन्द्रिय र विषयको सन्निकर्षबाट अनुसन्धातालाई जुन अनुभूति र अनुभव हुन्छ जसलाई सविकल्प र निर्विकल्प ज्ञान पनि भनिन्छ त्यो अनुभव नै प्रत्यक्ष प्रमाण हो । यसलाई पहिलो ज्ञान समेत भनिन्छ । यसकारण अनुसन्धाताले आफ्ना इन्द्रिय साधनबाट प्राप्त गरेको संवेदना र अनुभूति नै प्रत्यक्ष प्रमाण हो । यो प्राथमिक स्रोतको प्रमाण हो जसलाई सबै दर्शनले प्राथमिकतामा राखेर चर्चा गरेका छन् । अदालतहरूमा पनि देखिजान्ने र सुनिजान्नेहरूले दिएको जानकारीलाई सबुतप्रमाणका रूपमा बकपत्र तयार गर्ने चलन छ । न्यायदर्शनले आँखा, कान, नाक, जिबो, छाला र मानसलाई ज्ञानेन्द्रिय मानेको छ। आँखाले रूपका , कानले सुनेका, जिब्रोले स्वादका, नाकले गन्धका, छालाले सारोनरमका, चिसोतातो र मानसले सुखदुख, घृणाद्वेषका विषयसम्बद्ध संवेदना र अनुभूति गराउँछन् । यसरी अनुसन्धाताले प्रत्यक्षरूपमा आफैँ प्राप्त गरेको संवेदना र अनुभूतिजन्य ज्ञान नै प्रत्यक्ष प्रमाण हो। यो प्रमाण किन हो भने यसलाई कुनै अभीष्ट सिद्ध गर्न दसीप्रमाणको रूपमा पुनःउपयोग गरिन्छ ।

**अनुमान प्रमाणः** सामान्यतया अनुमानको अर्थ तर्क हो । परोक्ष रूपले ज्ञानप्राप्त गर्नका लागि अनुमान साधनको उपयोग गरिन्छ। अनुसन्धान पनि परोक्ष किसिमले ज्ञानार्जन गर्ने कार्य भएकाले शोधका क्षेत्रमा अनुमान वा तर्कसाधनको ठुलो भूमिका हुन्छ । यही महत्त्वले गर्दा ज्ञानमीमांसा गर्ने शास्त्रको नाम नै तर्कशास्त्र राखिएको पाइन्छ । यसबाट कुनै मतस्थापना र निर्णयप्रक्रियामा तर्क तथा अनुमान प्रमाणको महत्त्व पुष्टि हुन्छ। अर्को शब्दमा अनुकल्पना नै अनुमान हो । तर्कशास्त्रमा यसलाई बढी महत्त्व दिँदै ज्ञानप्राप्तिका लागि निर्पपेक्ष, सुनिश्चित र भरपर्दो साधन भनिएको छ। पूर्वीय तर्कशास्त्रले यसलाई परामर्श साधन मान्दछ। यसका अनुसार प्रत्यक्ष अनुभवको व्याप्तिबोध परामर्शबाट जुन तर्क प्राप्त हुन्छ त्यही अनुमान हो । यसरी अनुमिति ज्ञान गराउने साधनलाई अनुमान भनिएको देखिन्छ । वास्तवमा पूर्ववर्ती ज्ञानका आधारमा नयाँ ज्ञानार्जन हुने भएकाले त्यस पूर्वज्ञानका आधारमा बनेको तर्कलाई नै अर्को शब्दमा अनुमान भनिएको हो। आधुनिक तर्कशास्त्रले भने पूर्वनिर्णयहरू र नयाँ निष्कर्षका बिचको तार्किक संक्रमणलाई अनुमान (रावल, ? पृ. ११९) मानेको छ। यसलाई तल तालिका प्रस्तुत गरिएको छः

पूर्वज्ञान -सबै प्राणीहरू मरणशील छन्

उदाहरण -मान्छे पनि एक प्राणी हो

निष्कर्ष -मान्छे मरणशील प्राणी हो

यहाँ प्रथम दुई वाक्यहरू आधारिका अर्थात् पूर्व निर्णयहरू हुन् र यिनको अनुवृत्तिबाट मान्छे पनि प्राणी नै भएकाले अरू प्राणीमा रहेका मरणधर्मा गुण यसमा पनि छ भन्ने जुन तर्क उत्पन्न हुन्छ त्यसैलाई अनुमान मानिएको छ। यही तर्कका आधारमा पछिल्लो वाक्य मान्छे पनि मरणशील छ भनेर गरेको निर्णय चाहिँ निष्कर्ष हो, यही अनुमिति ज्ञान हो। यदि यसलाई प्राक्कल्पना गरेर परीक्षणको विषय बनाइएको रहेछ भने प्राक्कल्पनाको पुष्टि पनि हो। यसबाट तर्कपद्धति दोहोरोपनको हुने देखिन्छ - एक बन्दप्रकृति र अर्को खुल्ला प्रकृतिको । तर अनुमानका पाँच प्रकारका नियमसरणी चाहिँ दुवैमा हुन्छन् । यस कुरालाई तर्क प्रक्रियाका सन्दर्भमा थप स्पष्ट पारिएको छ ।

**उपमान प्रमाणः** समान धर्म जनाउने प्रसिद्ध उदाहरणलाई उपमान भनिन्छ । यो केटो गोरु जस्तो मूर्ख पो रहेछ भन्दा गोरुको मूर्खता प्रसिद्ध र सर्वस्वीकृत रहेकाले त्यससँग समता गरी केटो मान्छेलाई पनि मूर्खसिद्ध गरिएको छ। यसरी प्रसिद्ध समान धर्मका साधनबाट साध्य सिद्ध हुने भएकाले उपमान पनि प्रमाण कोटिमा पर्दछ । स्याल नदेखेको मानिसलाई स्याल त कुकुर जस्तो हुन्छ भन्दा उसले कुकुरको सादृश्यताका आधारमा स्यालको अवधारणा वा मनोबिम्ब बनाउँछ । यसरी हुने ज्ञानलाई न्यायदर्शनले उपमितिको ज्ञान मान्दछ र यस्तो ज्ञान गराउने कारणलाई उपमान प्रमाण मान्दछ । वास्तवमा यो संसारमा सादृश्यविधान गरेर ज्ञातवस्तुबाट अज्ञातवस्तु ज्ञान गर्ने जुन रीति छ यो जबै सादृश्यमूलक उपमान प्रमाणमा आधारित छ । साहित्य क्षेत्रमा संवेदना र अनुभूतिको ग्रहण र व्याख्या उपमानका साधर्म्यताकै आधारमा गरिन्छ । त्यसकारण उपमान उपमिति ज्ञानका लागि एक सबुत प्रमाण हो ।

**शब्दप्रमाणः** शब्दप्रमाणले आप्तोपदेशित कथनलाई जनाउँछ जुन पद, वाक्य तथा वाक्यसमुहमा व्यक्त हुन्छ । आप्त वा आप्तिको अर्थ हुन्छ वास्तविक अर्थात् आधिकारिक । विषयवेत्ता तथा विषय क्षेत्रका आधिकारिक व्यक्तिले भनेका वचन नै शब्द प्रमाण हुन् । सम्बन्धितले बताएका कुरालाई प्रमाण मान्ने लोकचलन छँदै छ । पूर्वीय तर्कशास्त्रले आप्तवचन अनुमानको विषय हुन नसक्ने भन्दै यसलाई छुट्टै प्रमाण स्विकारेको छ। वास्तवमा सम्बन्धित व्यक्तिले भनेका र लेखेका

आशङ्कारहितका भनाइहरू नयाँ अनुसन्धाताका लागि सबुतप्रमाण बन्छन् । त्यसैले अरूले दिएका सूचना, भनाइ, उदाहरण र तालिकादिलाई आफ्नो अभीष्ट सिद्धिका लागि प्रमाणस्वरूप उद्धृत गर्न नियम अनुसन्धानका क्षेत्रमा अनिवार्य जस्तै छ । यसरी अर्काले व्यक्त गरेका वाक्य वा वाक्य समुहात्मक भनाइ चाहे त्यो लेख्य वा कथ्य नै किन नहोस् वास्तविक ज्ञान गराउने वा ज्ञानको लागि प्रमाण बन्ने हुँदा तर्कशास्त्रमा शब्दलाई पनि एक प्रमाणका रूपमा स्विकार गरिएको छ ।

**पूर्वीय न्यायदर्शनमा तर्कपद्धतिको चर्चा**

व्यवस्थित र तर्कपूर्ण तरिकाले विषयविवेचना र निर्णय गर्ने पद्धतिको नाम नै न्याय हो, तर्कपद्धति हो । अर्को शब्दमा प्रमाणद्वारा विषयको परीक्षा गर्नुलाई न्याय भनिन्छ । भनिएको पनि छ, "नियतेविवाक्षितार्थ सिद्धिरनेन इति न्याय" अर्थात् तर्कदारा आफूले चाहेको विषय सिद्ध गर्ने शास्त्र न्याय हो (न्यायभाष्य) । पूर्वीय न्यायशास्त्रमा प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान १६ प्रकारका तत्त्वहरूको चर्चा गरिएको छ जसलाई सूक्ष्मरूपमा हेर्दा तीन प्रकारका पदार्थ देखिन्छन्

प्रमाण वा साधन पदार्थ

प्रमेय वा साध्य पदार्थ

प्रमा वा सिद्ध पदार्थ

यिनीहरूलाई भलिभाँती जान्नुपूर्व न्यायशास्त्रमा यथार्थ ज्ञानका साधनहरूलाई प्रमाण र पद्धति, जिज्ञासु ज्ञातालाई प्रमाता, ज्ञानलाई प्रमिति र सिद्ध वा विस्तार गर्न खोजिएको छ विषयलाई प्रमेय भनिन्छ (शर्मा, २०४७ ,पृ. ९) भन्ने कुरा थाहा पाउनु आवश्यक छ । प्राचीन न्यायले अपवर्ग वा मोक्ष ज्ञानको खोजी गर्ने मूल ध्येय पूरा गर्नका लागि १२ प्रकारका प्रमेय पदार्थहरूको चर्चा गरेको छ। यी सिद्ध गर्न खोजिएका विषयलाई प्रमेय पदार्थका रूपमा चर्चा गरिएकाले शोधको उद्देश्यअनुसारका साध्य विषयहरू प्रमेयतत्त्व हुन् भन्ने स्पष्ट हुन्छ। आधुनिक प्रमाताको ध्येय वा खोजी गर्ने विषय बेग्लै हुने भएकाले यो विषय अनुसार फरक फरक हुन्छ भनेर बुझ्नु पनि जरुरी छ । प्रमाणहरूको चर्चापछि अव तर्कपद्धतिबारे छलफल गरिन्छ ।

न्यायदर्शनमा वर्णित संशयदेखि निग्रहस्थान सम्मका तत्त्वहरूलाई नियाल्दा यसले तीन प्रकारका तर्कपद्धतिहरू उपस्थापन गरेको देखिन्छ । संशय, प्रयोजन, दृष्टान्त,सिद्धान्त (पाँच अवयव छोडेर) तर्क र निर्णयले आगमनात्मक तर्कपद्धतिको पूर्ण रूपरेखा कोरिदिएको छ भने पञ्च अवयवभित्रका प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमनले निगमनात्मक तर्कपद्धतिका नियमसरणीलाई स्पष्ट पारेका छन् । शेष वाद, जल्प, वितण्डा, हेत्वाभास, छल जाति र निग्रहस्थान मिलेर संवादात्मक तर्कपद्धति निमार्ण गरेका छन् । यसरी पौरस्त्य तर्कशास्त्रले ज्ञाननिर्माण तथा ज्ञानसिद्ध गर्ने मुख्य तीनवटा तर्कपद्धतिको उपस्थापन गरेको देखिन्छ, ती हुन्

१. आगमनात्मक तर्कपद्धति

२. निगमनात्मक तर्कपद्धति

३. संवादात्मक तर्कपद्धति

**आगमनात्मक तर्कपद्धति**

आगमनात्मक तर्कपद्धति संशयबाट सुरु भई निर्णयमा पुगेर टुगिन्छ। यो निगमनात्मक जस्तो बन्द प्रकृतिको नभई स्वतन्त्र र खुल्ला प्रकृतिको हुन्छ यसमा नियमानुक्रमका पाँच अवयवहरू देहायबमोजिम रहेका हुन्छन् -

**संशयः** जिज्ञासाको नाम नै संशय हो। संशयविना तर्क र निर्णय हुन सक्दैन। त्यसैले कुनै विषयवस्तुका बारेमा सन्देह वा संशय उत्पन्न भएपछि संशय मेटाउन वा समस्यासमाधान गर्न वास्तविक ज्ञानको खोजी हुन्छ । संशयको उत्पत्ति र आवश्यकता सम्बन्धमा भाष्यकार वात्स्यायनले सटिक विचार व्यक्त गरेका छन् । उनका अनुसार जुन वस्तुको अस्तित्व नै छैन वा जुन वस्तुसँग हामी पूर्णतः परिचित छौँ त्यहाँ संशय भन्ने कुरा नै हुँदैन (शर्मा २०४७, पृ १०) । त्यसकारण जुन विषय वा ज्ञानको सम्बन्धमा जिज्ञासा वा संशय उठछ, त्यसका बारेमा यथार्थ थाहा पाउन तथ्यसामग्रीको परीक्षा र तर्कद्वारा निर्णय गरिन्छ । त्यसैले संशय आगमनात्मक तर्कपद्धतिको पहिलो सोपान हो भन्ने बुझिन्छ । संशयका धारणालाई नै अनुसन्धानमा समस्याका रूपमा कथन गरिन्छ ।

**प्रयोजन :** संशयले उत्पन्न गरेको जिज्ञासा मेटाउन या समस्यासमाधान गर्न जुन ज्ञान गर्ने लक्ष्य कथन गरिन्छ त्यसलाई प्रयोजन भनिन्छ। शोधका सन्दर्भमा यसलाई फलप्राप्ति, लक्ष्य वा शोधको उद्देश्य पनि भनिन्छ । त्यसकारण यो प्राप्त गर्छु वा सिद्ध गर्छु भनेर गरिने लक्ष्यनिर्धारण नै प्रयोजन हो । प्रयोजनअन्तर्गत अनुसन्धानमा उद्देश्यकथन गरिन्छ ।

**दृष्टान्त** : प्रयोजन सिद्ध गर्न वा कुनै तथ्यको पुष्टि वा समर्थनका लागि जुन सर्वसम्मत उदाहरण प्रस्तुत गरिन्छ, त्यसलाई दृष्टान्त भनिन्छ । यो वस्तु र वाक्य दुवै हुन सक्छ । तर सम्बिन्धत शोधका लागि सर्वसम्मत र साधर्म्ययुक्त भने हुनुपर्छ । यहाँ तथ्यसङ्ग्रहलाई जनाउन दृष्टान्त उल्लेख भएको छ ।

**सिद्धान्तः** कुनै दर्शन तथा विद्याशास्त्रले सिद्ध गरेको विचार वा मतलाई सिद्धान्त भनिन्छ । सिद्धान्त सिद्ध भएको स्थापित मान्यता हो । शोधमा यसलाई सैद्धान्तिक आधार वा पर्याधार मानेर विषयको व्याख्याविश्लेषण गरी निष्कर्ष निकालिन्छ । यहाँ भने साध्यसिद्ध गर्ने या सामान्यीकरण गरिने कार्यलाई जनाउन सिद्धान्त उल्लेख भएको छ ।

**तर्कः** तर्क अनुमान वा अनुकल्पनाको नाम हो। यो आफैँमा प्रमाण त होइन, तर तथ्यको निश्चितताले यथार्थ ज्ञान गराउने सहायक साधन भने पक्कै हो। तथ्यहरूको अवलोकन र बोधपछि प्रमातालाई जुन अनुमिति ज्ञान वा तर्कबुद्धि प्राप्त हुन्छ, त्यसलाई सारमा तर्क भनिन्छ ।

**निर्णयः** शोधका सन्दर्भमा प्रमेय या शोधखोजपछि जुन निश्चित ज्ञान प्राप्त हुन्छ, त्यसलाई निर्णय भनिन्छ। प्रमाताको प्रयोजनरूप फलप्राप्ति नै निर्णय हो। शोधको सन्दर्भमा तर्कका आधारमा गरिने अर्थापन वा निष्कर्षण नै निर्णय हो ।

**१. निगमनात्मक तर्कपद्धति (Deductive Reasoning)**

न्यायशास्त्रमा पञ्च अवयवमा चर्चा गरिएको पञ्च वाक्यपद्धति नै निगमनात्मक तर्कपद्धति हो । यसमा प्राक्कल्पना वा पूर्वानुमानलाई अनुमान प्रमाणद्वारा सिद्ध गर्न पञ्च वाक्यको सहयोग लिइन्छ। न्यायशास्त्रमा पञ्च वाक्यरूप अवयवहरूले बनेको पद्धति भनेर निगमनात्मक तर्कपद्धतिलाई चिनाइएको छ (शर्मा, २०४७, पृ. १३) । ती पञ्च वाक्यहरू यस प्रकार छन्:

**प्रतिज्ञा वाक्य:** न्यायानुमानका सन्दर्भमा प्राक्कल्पना नै प्रतिज्ञा हो। प्रतिज्ञाबाट सुरु हुने कुराले निगमनात्मक तर्कपद्धतिलाई पुष्टि मिलेको छ। *'साध्यनिर्देशो प्रतिज्ञा'* (न्याय सूत्र १।१।१३) अर्थात् साध्यको निर्देश गर्नु वा साध्यलाई सिद्ध रूपमा कथन गर्नु प्रतिज्ञा हो। पूर्वानुमान वा प्राक्कल्पना भन्नु र साध्य निर्देश गर्नु भन्नु एउटै कुरा हो । त्यसकारण शोधका सन्दर्भमा पूर्वानुमान, प्राक्कल्पना र साध्यकथन भन्नु एउटै आशय हो, शब्दावलीको मात्र भिन्नता हो। पहिले नै परिणाम अनुमान गर्नु प्रतिज्ञा हो ।

**हेतु वाक्य:** *'उदाहरणसाधर्म्यात् हेतु'* भन्दै हेतु वाक्यको लक्षण गरिएको पाइन्छ (अर्याल, २०७५, पृ. ११२) । उदाहरण साधर्म्यात्ले समान धर्म रहेका उदाहरण वाक्यहरू भन्ने बुझिन्छ। वास्तवमा आधारिका वा पूर्वनिर्णयका सर्त वाक्यहरू नै हेतु वाक्य हुन् । यिनै साधर्म्य आधारिकाबाट साध्यसिद्ध हुने भएकाले पञ्चावयव अनुमानमा हेतुलाई मूल कारणको रूपमा लिइन्छ ।

उदाहरणका लागि:

- सबै मूक प्राणी पशु हुन्।
- गाई पनि एक प्राणी हो।
- *त्यसैले, गाई पनि मूक पशु प्राणी हो ।*

यहाँ तर्क उत्पत्तिका कारण बनेका रेखामाथिका वाक्यहरू हेतु वाक्य हुन् र यिनै पूर्वानुमानका वाक्य पनि हुन् ।

**उदाहरण वाक्य:** प्रसिद्ध दृष्टान्तहरू नै उदाहरण वाक्य हुन्। दृष्टान्त वस्तु पनि हुन सक्छन् । जब वाक्यमा कथन गरिन्छ, तब ती उदाहरण वाक्य बन्छन् भन्ने कुरा न्यायशास्त्रानुसारको विमर्शबाट बुझिन्छ। वास्तवमा माथि हेतुको चर्चामा मूकत्व र पशुत्व धर्मलाई साधन मानेर साध्यका हेतु वाक्य भनिएको थियो भने, यसरी नै साधर्म्य पारेर जुन दृष्टान्त कथन गरिन्छ, ती उदाहरण वाक्य बन्छन् ।

**उपनय वाक्य:** हेतु र उदाहरण वाक्यलाई सामान्यीकरण गरिएको न्यायोक्ति नै उपनय वाक्य हो। वास्तवमा *'चायम्'* वा *'न चायम्'* भनेर प्राक्कल्पनालाई उपसंहारका रूपमा भन्नु उपनय हो। उदाहरणको रूपमा- 'अरू पशुहरू मूक प्राणी रहेझैँ यो गाई पनि पशु नै रहेकाले मूक प्राणी नै हो' भन्ने उपसंहार वाक्य नै उपनय हो। डा. वासुदेव त्रिपाठी पनि उपनयको परिचय दिँदै लेख्छन्, *"व्याप्तिपूर्ण हेतुलाई उदाहरणका साथ प्रतिज्ञाको परिपोषक तुल्याउने सामान्यीकरणसँग न्यायानुमानको उपनय सन्निकट रहेको छ"* (२०६०, पृ. २७९)।

**निगमन वाक्य:** हेतु जोडेर प्रतिज्ञालाई पुनः कथन गर्नु निगमन हो (अर्याल, पूर्ववत्)। अब माथिको वाक्यमा गाईमा पनि मूकत्व र पशुत्व धर्म रहेकाले अन्य पशुप्राणी झैँ मूक पशु नै हो भन्ने कुरा सिद्ध भयो भनेर पुनः प्रतिज्ञा वाक्यलाई दोहोऱ्याउनु न्यायानुमानको निगमन वाक्य हो ।

## पञ्चअवयवको कार्यव्यापार र आधुनिक शोधको सामञ्जस्यता

चौलागाईंले (२०८१, पृ. १५८) पञ्चअवयवको कार्यव्यापारलाई आधुनिक अनुसन्धानका तत्त्वहरूसँग तुलना गर्दै यस प्रकार प्रस्तुत गर्नुभएको छ:

| प्रतिज्ञा | हेतु | उदाहरण | उपनय | निगमन |
|---|---|---|---|---|
| शोधसमस्या | सैद्धान्तिक आधार | अर्थापन | निष्कर्ष | पर्वतमा |

आगो छ धुँवा देखिनाले जहाँ धुँवा हुन्छ त्यहाँ आगो हुन्छ त्यसैले पर्वतमा पनि आगो छ।

यहाँ हेतुमा कारण र उदाहरणमा कुनै प्रसिद्ध र स्वीकार्य दृष्टान्त प्रस्तुत गरिएको छ। त्यसैले न्यायशास्त्रमा आगमन र निगमन ज्ञानसंस्थापनका फरक तर्कपद्धतिका रूपमा देखा पर्छन्।

**२. संवादात्मक तर्कपद्धति (Dialectical Method)**

वाद र प्रतिवादको संश्लेषण नै संवाद पद्धति हो। संवादलाई पश्चिमका महान् विचारक सुकरातले ज्ञान आर्जन गर्ने श्रेष्ठ विधि मानेका छन् भने प्लेटोले यसलाई सत्यको अभिव्यक्ति बताएका छन् (हेल, सन् २००९; चौलागाईं, पृ. ६४ मा उद्धृत)। पूर्वीय न्यायशास्त्रले पनि संवादलाई साध्यसिद्धिको एउटा पद्धति मानेको देखिन्छ।

तर संवादलाई सुनिश्चित र निष्पक्ष तर्कपद्धति बनाउन भने न्यायशास्त्र केही संकुचित देखिन्छ। न्यायदर्शनको यो पद्धति मतसिद्धिका लागि कतिपय ठाउँमा आक्रामक रणनीतिको सहारा लिएको पाइन्छ; किनभने यसमा जल्प, वितण्डा, छल, हेत्वाभास र जाति जस्ता पक्षलाई उपायहरूको रूपमा चर्चा गरिएको छ। पूर्वपक्षलाई जित्न छल र वितण्डाको सहारा लिनु आधुनिक शोधमा न्यायसङ्गत नमानिएला, तर संवादलाई ज्ञानार्जनको एउटा पद्धति मान्नु सकारात्मक नै हो। त्यसैले आधुनिक अनुसन्धानमा पूर्वीय न्यायशास्त्रमा वर्णित संवादात्मक तर्कपद्धति हुबहु मान्य नहुन सक्ला, तर संवादात्मक तर्कपद्धति आफैँमा श्रेष्ठ पद्धतिमा चाहिँ गनिन्छ। तसर्थ, पूर्वीय न्यायदर्शनमा प्रतिपादित संवादात्मक तर्कपद्धतिका अवयव तथा साधनहरूलाई भने आधुनिक सन्दर्भमा परिशोधन (Refine) गर्नुपर्ने आवश्यकता देखिन्छ।

**संवादात्मक तर्कपद्धतिका अवयवहरू:**

**वाद:** विचार स्थापना गर्नु वा प्रमाणसिद्ध विचार प्रस्तुत गर्नु वाद हो।

**जल्प:** जित्ने उद्देश्यले वादका विपक्षमा तर्क गर्नु वा प्रतिवाद गर्नु जल्प हो।

**वितण्डा:** आलोचनात्मक तरिकाले वादी वा प्रतिवादी मत राख्नु (रचनात्मक विकल्प नदिई केवल खण्डन गर्नु) वितण्डा हो।

**हेत्वाभास:** दूषित तर्क वा भ्रमपूर्ण हेतु अगाडि सार्नु हेत्वाभास हो।

**छल:** अर्काको मतको अनर्थ हुने गरी अर्थ लगाउनु वा अनर्थ गरेर भए पनि अरूको वचन काट्नु छल हो।

**जाति:** प्रतिषेधार्थको प्रयोगलाई जाति भनिन्छ अथवा समानता र असमानताका आधारमा दोष देखाउनु वा मिथ्या उत्तर दिनु जाति हो।

**निग्रहस्थान:** वादी वा प्रतिवादीले हार स्वीकार गर्ने ठाउँमा पुग्नु (बहसको अन्त्य हुनु) निग्रहस्थान हो।

यसरी हेर्दा पूर्वीय न्यायशास्त्रमा वाद, जल्प र वितण्डामध्ये कुनै एकबाट संवादको थालनी हुने देखिन्छ। प्रमाणसिद्ध मत, मतखण्डन वा आलोचनात्मक मतबाट संवाद सुरु हुने प्रक्रिया स्वाभाविक छ। यसपछि दोषपूर्ण हेतु देखाउनु, अन्यार्थ

निकाल्नु, मिथ्या उत्तर दिनु र हार स्वीकार गर्नु जस्ता संवादचक्रका कार्यले संवादात्मक तर्कपद्धति पूरा हुने मान्यता पूर्वीय न्यायशास्त्रमा रहेको देखिन्छ ।

**प्रमेय पदार्थको सान्दर्भिकता**

न्यायदर्शनमा प्रतिपादन भएको अर्को 'प्रमेय पदार्थ'को चर्चा शोधसन्दर्भमा हुँदै नहुने भन्ने चाहिँ होइन । शोध विषयको सिङ्गो रूप नै प्रमेय पदार्थ हो । न्यायदर्शनमा लक्ष्यअनुसार नै मुक्ति तथा अपवर्गका विषयहरू प्रमेय पदार्थअन्तर्गत चर्चा गरिएका हुन्, जुन स्वाभाविक र आवश्यक पनि देखिन्छ। आधुनिक प्रमाता (शोधकर्ता) ले पनि पूर्वकार्यको समीक्षा गर्दा पूर्णांश सम्बन्धले विषयसन्दर्भकै चर्चा गर्छ, अर्थात् प्रमेय पदार्थकै चर्चा गरेको हुन्छ । न्यायदर्शनले मुक्तिमार्गका १२ वटा प्रमेय पदार्थको चर्चा गरेझैँ आधुनिक प्रमाताले पनि आफ्नो शोधका प्रमेय पदार्थको चर्चा गर्नुपर्छ। शोध्य विषयअनुसार प्रमेय पदार्थ भिन्न-भिन्न हुन्छ, कुरा यत्ति हो। यसरी ज्ञानमीमांसामा प्रमेय पदार्थलाई पनि भिन्न-भिन्न प्रकारले चर्चा गरिएको हुन्छ ।

## ३. मूल्यमीमांसा (Axiology) र वेदान्तको षड्लिङ्ग साधन

शोध दर्शनको मूल्यमीमांसाभित्र आचारशास्त्र, नीतिशास्त्र, सौन्दर्यशास्त्र र सङ्केत व्यवस्थाका आवश्यक र मूल्यवान् सबै पक्षहरू पर्दछन् । अनुसन्धानका सन्दर्भमा भन्दा शोधकर्ताको नैतिकता र अनुशासनदेखि लिएर शोधको उद्देश्य, तात्पर्य, मौलिकता, महत्त्व अनि सान्दर्भिकता र उपयोगिताका सबै पक्षहरू मूल्यमीमांसाभित्रै समेटिएका हुन्छन् । अनुसन्धान गर्दा एउटा मूल्य वा जिज्ञासामा केन्द्रित भएर गर्नु आवश्यक हुन्छ; जसका कारण यसको श्रेष्ठता, श्रेय र ध्येयलाई जाँच र मूल्याङ्कनसमेत गर्न सकियोस् ।

वेदान्त दर्शनमा वेदमन्त्रका तात्पर्यहरूको व्याख्या गरेर आशय स्पष्ट पार्न षड्लिङ्ग साधनहरूको उपयोग गर्नुपर्ने निर्देश पाइन्छ। शोधमा पनि मुख्य तात्पर्य बुझ्न र यसका मूल्यहरू केलाउन यी साधनहरू अति आवश्यक देखिन्छन् । शोधकार्यको मूल्यवत्ताको मूल्याङ्कन यसको उद्देश्य, प्राप्ति, सफलता, नवीनता, प्रतिपादन र उपकरणादिको औचित्य निर्धारणसहित मुख्य तात्पर्यको स्पष्टीकरणबाट मात्र हुन सक्छ । शोधकार्यमा मूल्यको खोजी कसरी गर्नुपर्छ? षड्विध लिङ्गमा यसको रूपरेखा पाइन्छ। यसरी वेदान्त दर्शनले समीक्ष्य विषय वेदमन्त्रको तात्पर्य निर्धारण गर्दा षड्लिङ्ग साधनअन्तर्गत सूक्ष्म रूपमा मूल्यमीमांसा गरेको पाइन्छ ।

**षड्लिङ्ग साधनका अवयव र तिनको भूमिका:**

१. **उपक्रम र उपसंहार:** आरम्भ र निष्कर्षका बिच एकरूपता र परस्पर सम्बन्धको आधार हो। यस साधनका अनुसार शोधमा विषय प्रतिपादनको उपक्रम मिलेको हुनुपर्छ। प्रारम्भ र अन्त्यमा एकरूपता र अन्विति हुनुपर्छ; अर्थात् सुरुमा उठाइएका जिज्ञासालाई पुष्टि गर्दै अन्त्यमा पनि त्यसै विचारमा छलफल केन्द्रित हुनुपर्छ। यदि यसो भएको छ भने मुख्य कार्य सिद्ध भएको मानिने छ ।

२. **अभ्यास:** मूल विषयको आवृत्ति र पुनरावृत्तिपूर्ण प्रतिपादनको आधार हो । ग्रन्थमा मूल विषय कसरी प्रस्तुत गरिएको छ, अभ्यास र पुनरावृत्तिका माध्यमले विषयको तात्पर्य गहन रूपमा स्पष्ट पारिएको छ कि छैन, अभ्यासको आधारले त्यसको मूल्याङ्कन गर्छ। विभिन्न सन्दर्भमा विषयलाई बारम्बार उल्लेख गर्नाले विषय परिपक्व भई मुख्य विषयको स्पष्टता र महत्त्व

पनि प्रतिपादन हुन्छ। यसले विषयको आन्तरिक संरचना वा शृङ्खलाको निरन्तरता र प्रभावकारिताको खोजी गर्दै आन्तरिक संरचनाको स्थिति स्पष्ट गर्न सहयोग मिल्छ।

३. **अपूर्वता (नवीनता):** मौलिकता र औचित्य पुष्टिको आधार हो। नवीनता र मौलिकता हेर्न यो साधनले सहयोग गर्छ । अन्य कतैबाट पनि जानकारीमा नआएका विषय अर्थात् नवीन ज्ञान प्रतिपादन गरे-नगरेको जाँच्न वा परीक्षण गर्न अपूर्वता लिङ्गको सहयोग लिनुपर्छ । यसले अपूर्व ज्ञान वा वैकल्पिक ज्ञान प्रतिपादनको आवश्यकता देखाउँछ ।

४. **फल:** उद्देश्यअनुसारको फलप्राप्ति वा प्रतिफलनको आधार हो । शोधग्रन्थमा प्राप्त गर्न खोजिएको लक्ष्य वा प्राप्ति नै फल हो। फललाई प्राप्तिको रूपमा हेर्दा यो लक्ष्यसिद्धि मानिन्छ भने लाभको रूपमा हेर्दा फाइदा र उपयोगिता देखिन्छ। यसबाट फलसिद्धिका लागि गरिएका प्रयासहरूको चर्चा गर्न सहयोग मिल्छ ।

५. **अर्थवाद:** अर्थ स्पष्टता र सम्भाव्य अर्थकल्पनाको आधार हो। मुख्य अर्थको स्पष्टता र पुष्टि गर्नु नै अर्थवाद हो। मुख्य तात्पर्य र उद्देश्यलाई सन्देहरहित बनाउन रचिने अर्थकल्पना र स्पष्टीकरणका प्रयासहरू अर्थवादअन्तर्गत पर्दछन् । अनुसन्धानका सन्दर्भमा अनुसन्धाताको अनुभव, अनुमान तथा बौद्धिकताले विषय विवेचना गर्नु नै अर्थवाद हो ।

६. **उपपत्ति:** तार्किक सङ्क्रमणका युक्ति, प्रयुक्ति र तर्कप्रमाणहरूको आधार हो । लक्ष्यसिद्धिमा प्रयुक्त युक्ति र तर्कपद्धतिहरूको औचित्यको व्याख्या नै उपपत्ति हो। कुनै पनि विषयलाई उपस्थापन, विस्तार र समापनका तार्किक सम्बन्धले व्याख्या गर्नु उपपत्ति हो । यसले एकातिर विषयको प्रतिपादनलाई बौद्धिक र तार्किक बनाउन सहयोग गर्छ भने, अर्कोतिर प्रयुक्त युक्तिहरूको औचित्य जाँच्ने कामसमेत गर्दछ ।

उल्लिखित साधन र आधारहरूमा टेकेर शोधकार्य अर्थात् प्रतिपाद्य विषयको मूल्य तथा उपयोगिताको खोजी गर्नु नै मूल्यमीमांसा हो । आदि शङ्कराचार्यले वेदान्तका विषयको तात्पर्य निर्धारण र प्रतिपादन गर्न षड्विध लिङ्गहरूको सहयोग लिएको देखिन्छ । शोधको मुख्य प्रतिपाद्य विषय के हो भनी जान्नका लागि यी छ प्रकारका लिङ्गहरू उपयोगी छन्। यी लिङ्गहरूले शोधकार्यको प्रतिपादन, उद्देश्य, पुनरावृत्ति, मौलिकता, फलप्राप्ति, श्रेष्ठता, साधन र तर्कयुक्तिका आधारमा मूल्यमीमांसा गर्नुपर्ने निर्देश गरेको स्पष्ट देखिन्छ। त्यसकारण यी छ वटा आधारहरूले एकीकृत रूपमा शोधकार्यको तात्पर्य र आशयसँगै ज्ञानसिद्धि र सफलता प्रमाणित गर्ने भएकाले आधुनिक शोधकार्यका लागि पनि उपयोगी नै देखिन्छन् ।

## निष्कर्ष

अनुसन्धान तथ्यहरूको खोजी र परीक्षणका आधारमा ज्ञान निर्माण गर्ने प्रक्रिया हो। यो एकातिर बौद्धिक चिन्तनमनन र सङ्कल्पनाका मान्यतासँग जोडिएको हुन्छ भने, अर्कोतिर विज्ञानका अवलोकन, प्रयोग र परीक्षणका साधनसँग पनि जोडिएको हुन्छ । यसको पूर्वपक्ष अर्थात् पर्याधारका सिद्धान्त, मान्यता, दृष्टि र परिप्रेक्ष्य आदि 'दर्शन' नामले चिनिन्छ भने; अवलोकन, परीक्षण, व्याख्या, प्रयोग र अभ्यास 'शोधप्रक्रिया'का नामले परिचित हुन्छ। त्यसकारण अनुसन्धानको पनि आफ्नो छुट्टै मौलिक दर्शन हुन्छ, जसलाई अनुसन्धानको सैद्धान्तिक ज्ञान पनि भनिन्छ। यो ज्ञान जानेकाले मात्र अनुसन्धान गर्न सक्छ न्। तसर्थ अनुसन्धानको मान्यता, सिद्धान्त र पद्धति जे नाम दिए पनि यसको वास्तविक स्वरूप अनुसन्धान दर्शन नै हो ।

अनुसन्धानसम्बन्धी मूल्यमान्यता र शैलीका बारेमा पूर्व र पश्चिम दुवैतिरका दर्शन वाङ्मयहरूमा प्रशस्त अध्ययन, छलफल र खोजतलास भएको पाइन्छ। पूर्वीय दर्शनमध्ये न्याय-वैशेषिक दर्शनमा ज्ञानार्जन प्रक्रियाका प्रमाण र पद्धतिका बारेमा गहन विवेचना भेटिन्छ। अणुवाद भनिने वैशेषिक दर्शनले सात पदार्थ र तिनका अणु-परमाणु पत्ता लगाई तत्त्वमीमांसा गर्नुपर्ने धारणा राखेको पाइन्छ। ज्ञानसाधनाका क्रममा विषय र अन्य प्रमाणसँगै अनुमान वा पूर्वसञ्चित ज्ञान पनि एक कारण बन्छ भन्ने कुराको हेक्का न्यायदर्शनले दिलाएको छ । यसले संशय ज्ञानबाट शोध सुरु हुने मात्र बताएको छैन, ज्ञानसिद्धिका प्रमाण र तर्कपद्धतिहरूको राम्रो चिनारी दिएको छ । यसमा शोधपद्धतिका रूपमा तर्कपद्धतिहरूको सुन्दर प्रतिपादन पाइन्छ ।

यसै गरी वेदान्त दर्शनले उपलब्ध स्रोतसामग्रीका आधारमा अनुसन्धानको उद्देश्यअनुसार आशयको सही अर्थापन र व्याख्या भए-नभएको जाँच्ने र शङ्कारहित ज्ञानको टुङ्गो लगाउने युक्ति तथा साधनबारे जानकारी दिएको छ ।

पूर्वीय दर्शनका वाङ्मयहरूमा अनुसन्धानका सैद्धान्तिक पक्षका प्रमाण, पद्धति, प्रक्रिया र प्रस्तावनाका आधारभूत तत्त्व मात्र फेला पर्दैनन्, अपितु तिनका स्वरूप र अवयवका बारेमा समेत गहन अध्ययन, व्याख्या र विश्लेषण नै भेटिन्छ । यसरी यिनमा अनुसन्धान दर्शनसँग सम्बन्धित तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका (प्रस्तावमीमांसा समेत) विविध पक्षमा पर्याप्त चिन्तनमनन गरिएको पाइन्छ। अतः यी छरिएका चिन्तनमननलाई खोजी गरेर एक ठाउँमा रूपाङ्कन गर्दा आधुनिक अनुसन्धान दर्शनको पूर्ण रूप निर्माण गर्न सकिने निष्कर्ष प्राप्त हुन्छ ।

**कृतज्ञताज्ञापन**

अन्त्यमा प्रस्तुत लेखलाई सूक्ष्म अध्ययन गरी सहयोगी सम्परीक्षण गर्ने विद्वान् सम्परीक्षक र हैमप्रभा जर्नलका सम्पादक तथा प्रकाशकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

अ. गेत्मानोभा ( ? ). *तर्कशास्त्र ,(अनु*. ललितजन रावल), विवेक सिर्जनशील प्रकाशन, प्रा. लि.।

आचार्य ,जयराज (२०७०*). भाषाविज्ञानको सैद्धान्तिक विमर्श*, मकालु प्रकाशन गृह ।

कार्की, मृगेन्द्रबहादुर (२०८१). अनुत्तरित जिज्ञासा, कम्यिनष्ट गाता, ज्ञान अभ्यास बोध र क प्रश्न, *नेपाल अध्ययन* जर्नल (वर्ष ४),पृ. ६१ -९२।

बैद्य, किरण(२०७४). *हिमाली दर्शन*, साझा प्रकाशन, ललितपुर।

गड्तौला, नारायणप्रसाद (२०८१). पूर्वीय शोधदर्शन विधि र प्रयोग,*नेपाल अध्ययन* जर्नल (वर्ष ४), पृ. २३-६०।

गीताप्रेस (सन् २०५३. *श्रीमद्भागवत्गीता (*२८औँ सं.) गीताप्रेस गोरखपुर।

चौलागाई, प्रेमप्रसाद (२०८१). शोधप्रक्रियामा सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचा, *नेपाल अध्ययन जर्नल* (वर्ष ४), पृ. १४३ -१७८ ।

तर्कानन, विश्वनाथ ( १९५३ई). *न्यायसिद्धान्त मुक्तावली*, (अनु. र व्याख्या. धर्मेन्द्रनाथ शास्त्री), मोतीलाल बनारसीदास पब्लिसर्स।

त्रिपाठी, वासुदेव (२०६०). *शोधपद्धति र सिर्जना*, (सम्पा. भूपहरि पौडेल), साझा प्रकाशन।

योगीन्द्र, सदानन्द (२०००ई. ). *वेदान्तसार*,चोखम्बा ओरियन्टालिया, वनारस।

शर्मा, जनकलाल (२०७०). न्यायदर्शन एक चिन्तन, *प्रज्ञा* (१८ -१९ अङ्क ), पृ. ९ -१७।

श्रेष्ठ, दयाराम (२०८१). *साहित्यको अनुसन्धान व्यवस्थापन* (अनुसन्धान दर्शन), शिखा बुकस्।